# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुचि–१४ नियम २६ को उपनियम (१) संग सम्वन्धित)

## आ. ब. २०७८/७९ को दोस्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०७८ कार्तिक, मंसिर र पौष)

(२०७८ माघ २८ गते, कान्तिपुर दैनिकमा प्रकाशित)

**१. वितीय विवरण :**

क. यस कम्पनीको आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्वन्धी विवरणहरु सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितोपत्र दर्ता निष्कासन नियमावली, २०७३ बमोजिम प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरु :

१. प्रति शेयर आम्दानी * : रु. ६०.९५
२ पी. ई. अनुपात : ७३.६१
३. प्रति शेयर नेटवर्थ : रु. १४८.२०
४. तरलता अनुपात : २.९७

* प्रति शेयर आम्दानी annualized गरिएको ।

**२. व्यवस्थापकीय विश्लेषण :**

क. कम्पनीबाट उत्पादित Golden Oak को सफलता पश्चात् Black Oak नामक व्राण्डले पनि विस्तारै बजार र उपभोक्ता माझ स्थान ओगट्न सफल भइरहेको छ । उपभोक्ताको चाहानालाई ध्यानमा राखी कम्पनीका उत्पादनहरुको थप बजारीकरणको उद्देश्यले गत वर्षको अन्तिम त्रैमासिक अवधिबाट Blue Oak नामक मदिरा पनि उत्पादन गरी विक्री वितरणको कार्य गरि रहेका छौं ।

ख. यसै त्रैमासिक अवधिमा विश्व भरी फैलिएको कोभिड–१९ को महामारीको तेस्रो लहरको प्रभावले कम्पनीमा पनि जोखिम थपिन गएको भएता पनि व्यवस्थापनले उच्च लगनशीलता तथा संयमताका साथ समयमै लिएका जोखिम न्युनिकरणका कार्यहरुका कारण कम्पनीको विक्री वितरण अघिल्लो वर्षको यसै अवधिको भन्दा केहि बढाउन सफल भएका छौं ।

ग. कम्पनीको बिक्रि बढ्न गएकोले बिक्रि तथा वितरण खर्चमा समेत केहि वृद्धि हुन पुगेको भएता पनि प्रशासनिक खर्च तर्फ भने मितव्ययिता अपनाउन सफल भएका छौं । यस अवधिमा कम्पनीको वित्तिय खर्च पनि गत वर्षको तुलनामा उल्लेख्य मात्रामा घटाउन सफल भएका छौं ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क. श्रम अदालत काठमाण्डौंमा केहि व्यक्ति उपरको मुद्धामा सम्वन्धित निवेदकहरु उपर जिल्ला अदालत पर्सामा यस कम्पनीले कीर्ते जालसाजी मुद्धा दायर गरेकोमा सो विवादमा सम्मानित जिल्ला अदालत पर्सावाट आम्सीक वादी दावी पुग्ने ठहराई फैसला भएको उपर कम्पनीले सम्मानीत उच्च अदालत, जनकपुरको अस्थायी ईजलास, विरगन्जमा पुनरावेदन गरेकोमा सो मुद्धामा पनि शुरु जिल्ला अदालत, पर्साबाट भएको फैसलालाई नै सदर गर्ने गरि फैसला भएकोछ । साथै सोही सँग अन्तर सम्वन्धित श्रम अदालत काठमाण्डौमा रहेको मुद्धा भने हाल सम्म पनि विचाराधिन अवस्थामा नै रहेको छ ।

ख. २०६८ श्रावण को मु.अ.कर सम्वन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्वन्धी विषयमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयमा यस त्रैमासिक अवधि सम्म पनि कुनै निर्णयको जानकारी प्राप्त भएको छैन ।

ग. कम्पनीले पेटेण्ट डिजायन तथा ट्रेडमार्क ऐन २०२२ अन्तर्गत दर्ता कायम गरी अद्यावधि रहेको Golden Oak ट्रेडमार्क अंकित मदिराको विक्री वितरणमा प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिने उद्धेश्य राखी वजारमा उस्तै लेवल, बोतल प्रयोग गर्ने, कम शक्ती र कम गुणस्तरको मदिरा उत्पादन गर्ने ७ (सात) उद्योगका विरुद्धमा उद्योग विभाग, त्रिपुरेश्वर, काठमाण्डौमा उजुरी गरेका छौं ।

घ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायर गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

**४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :**

क. खुला वजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस दोस्रो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको छ । (श्रोतः www.nepalstock.com.np)

अधिकतम् मूल्य रु. ७,३०७/००
न्यूनतम् मूल्य रु. ४,००४/००

**५. समस्या तथा चुनौति :**

यस वित्त विवरण अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. यस त्रैमासिक अवधिमा देखा परेको कोभिड–१९ को तेस्रो लहरले खुल्दै गरेको बजारमा केहि नकारात्मक प्रभाव पार्ने अनुमान गरिएको छ । यस लहरले हालसम्म थुप्रै आम जनमानसमा प्रभाव पारिसकेकाले यसको प्रभाव अझै बढ्न गएमा नेपाल सरकारबाट परिस्थीतिको गांभिरर्यतालाई मनन गरी बन्दा बन्दीको घोषणा भएमा हाम्रो जस्तो व्यवसायलाई थप चुनौती आई पर्न सक्दछ ।

ख. लामो समय सम्म कोभिड महामारीको प्रभाव विद्यमान रहि रहेका कारण देशकै समग्र व्यवसायिक कारोवारमा प्रभाव परेको, उपभोक्ताहरुको क्रय शक्तीमा समेत ह्रास आएकोले हाम्रो व्यवसायमा समेत प्रभाव पर्न सक्ने आंकलन गरेका छौं ।

ग. बजारमा निरन्तर रुपमा विभिन्न प्रतिष्पर्धि कम्पनीहरुबाट हरेक महिना जसो नयाँ नयाँ ब्राण्डहरु आउने गरेको साथै कतिपय कम्पनीहरुले मुल्यमा नै प्रभाव पर्ने गरि बिक्रि योजना ल्याउने गरेकाले यस कम्पनीले विक्री वितरणको कार्यमा निरन्तर चुनौतिको सामना गरि रहनु परेको छ ।

घ. यस कम्पनीले उत्पादन गरि रहेको र बजारमा उपभोक्ताले बढि रुचाएको Golden Oak नामक व्राण्डको मदिरालाई विक्री वितरणमा प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि विभिन्न उद्योगहरुले कम्पनीको बोतल तथा नक्कल गरेको लेवल प्रयोग गरी न्युन शक्ती र गुणस्तरको मदिरा उत्पादन गरि बिक्री वितरण गर्ने कार्य जारी नै राखेकाले केहि उद्योग विरुद्ध उद्योग विभागमा उपरोक्त कार्य विरुद्ध उजुरी निवेदन गरेका छौं । यस्तो कार्य रोक्नका लागि नियमक निकायको ध्यानाकर्षण हुन नसक्दा कम्पनीको व्यपार व्यवसाय मा थप चुनौति थपिदै गएको छ ।

**६. संस्थागत सुशासन :**

कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम लगायतका प्रचलित कानून बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएका छौं । उद्योग रहेको क्षेत्र, स्थानीय निकायहरु संगको सम्बन्धलाई सुमधुर राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तरमा सुक्ष्म रुपले अध्ययन गर्ने गरिएको साथै सकेसम्म घटाउन सकिने खर्चहरुलाई व्यवस्थित गर्दै कम्पनीको आर्थिक अवस्था सुदृढ राख्न सक्षम हुने विश्वास लिएका छौं । कम्पनीको आर्थिक र व्यवसायिक कार्यलाई मजबुत, व्यवस्थित र पारदर्शि बनाउनका लागि बाह्य तथा स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने र प्राप्त प्रतिवेदन उपर अध्ययन गरी, सुधार गर्ने कार्यलाई निरन्तरता दिदै आएका छौं ।

**७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण :**

यस त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहान्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु ।

प्रमूख कार्यकारी अधिकृत

## Unaudited Statement of Financial Position for the Quarter Ended as on 30th Poush 2078

| Particulars | This Quarter Ending (Rs.) | Upto Previous Quarter Ending (Rs.) | Corresponding Previous Year Quarter Ending (Rs.) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, plant and equipment | 494,094,940 | 504,462,634 | 536,981,485 |
| b) Capital work-in-progress | 44,596 | 44,596 | - |
| c) Intangible assets | 201,783 | 321,840 | 758,323 |
| d) Financial assets | | | |
| Advance for investments in equity instruments | - | - | 20,000,000 |
| e) Investments | 69,000,000 | 69,000,000 | - |
| f) Other non-current assets | 20,193,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **583,534,461** | **594,022,212** | **577,932,950** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 319,202,896 | 254,661,419 | 398,527,286 |
| b) Financial assets | | | |
| Trade receivables | 1,913,983,407 | 1,977,230,907 | 1,349,196,039 |
| Cash and cash equivalents | 30,151,994 | 17,205,468 | 395,960,907 |
| c) Other current assets | 303,119,694 | 135,727,310 | 79,387,604 |
| **Total** | **2,566,457,992** | **2,384,825,104** | **2,223,071,836** |
| **Non-current assets held for sale** | **-** | **-** | **12,727,970** |
| **Total current assets** | **2,566,457,992** | **2,384,825,104** | **2,235,799,806** |
| **TOTAL ASSETS** | **3,149,992,453** | **2,978,847,315** | **2,813,732,756** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share capital | 1,518,479,156 | 867,702,375 | 867,702,375 |
| b) Other equity | | | |
| Reserves and surplus | 731,918,890 | 1,348,174,409 | 493,144,175 |
| **Total Equity** | **2,250,398,047** | **2,215,876,784** | **1,360,846,550** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial liabilities | | | |
| Borrowings | - | - | 965,210 |
| b) Deferred tax liabilities | 35,620,944 | 35,620,944 | 29,587,436 |
| **Total Non-Current Liabilities** | **35,620,944** | **35,620,944** | **30,552,645** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | 724,594 | 39,150,316 | 501,905,657 |
| Trade payables | 242,914,287 | 228,160,526 | 279,488,718 |
| Other financial liabilities | 255,291,602 | 77,631,680 | 377,457,611 |
| b) Other current liabilities | 346,028,415 | 310,586,427 | 226,883,497 |
| c) Current tax liabilities (net) | 19,014,565 | 71,820,638 | 36,598,078 |
| **Total Current Liabilities** | **863,973,463** | **727,349,587** | **1,422,333,561** |
| **TOTAL EQUITY AND LIABILITIES** | **3,149,992,453** | **2,978,847,315** | **2,813,732,756** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended as on 30th Poush 2078

| Particulars | This Quarter Ending (Rs.) | Upto Previous Quarter Ending (Rs.) | Corresponding Previous Year Quarter Ending (Rs.) |
|---|---|---|---|
| Revenue from operations | 2,987,224,123 | 1,231,060,219 | 2,446,032,603 |
| Less: excise duties | 1,361,651,570 | 534,509,479 | 941,466,002 |
| Less: cost of goods sold | 509,782,788 | 215,176,987 | 562,204,095 |
| Less: manufacturing expenses | 86,736,272 | 34,516,998 | 23,220,457 |
| **Gross profit** | **1,029,053,493** | **446,856,755** | **919,142,049** |
| Other operating income | 1,071,983 | - | - |
| **Total income from operations** | **1,030,125,476** | **446,856,755** | **919,142,049** |
| Employee benefit expenses | 140,575,964 | 70,099,889 | 109,234,733 |
| Administration and other expenses | 33,659,237 | 13,493,267 | 61,465,606 |
| Selling and distribution expenses | 208,780,613 | 66,735,744 | 183,401,023 |
| **Operating profit** | **647,109,662** | **296,527,854** | **565,040,687** |
| Depreciation and amortisation | 25,715,831 | 12,806,523 | 23,704,801 |
| Finance costs | 281,477 | 121,538 | 7,579,673 |
| **Profit before tax** | **621,112,354** | **283,599,793** | **533,756,213** |
| Income tax expenses | 158,383,650 | 72,317,947 | 136,107,834 |
| **Profit for the year** | **462,728,703** | **211,281,846** | **397,648,379** |
| **Other comprehensive income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other comprehensive income** | - | - | - |
| **Total comprehensive income for the year** | **462,728,703** | **211,281,846** | **397,648,379** |
| **Earning per equity share** (face value of Rs. 100 each) | | | |
| Basic EPS* | 60.95 | 55.66 | 52.37 |
| Diluted EPS* | 60.95 | 55.66 | 52.37 |

## Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 73.61 | 123.96 | 82.48 |
| Net Worth Per Share | 148.20 | 255.37 | 156.83 |
| Liquidity Ratio | 2.97 | 3.28 | 1.57 |

**Notes:**

Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
* Earning Per Share annualized.
* Corresponding Previous Quarter's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares as per NFRS


**हिमालयन डिष्टिलरी लिमिटेड,**
विरगञ्ज महानगरपालिका वडा नं. – २१,
लिपनि विर्ता, पर्सा, नेपाल